मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## (सामान्य प्रशासन शाखा)



थलङ, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल


पत्र सङ्ख्या:- ०७७/७८ मिति:- २०७८/०३/१७

चलानी नं.:- १०४०

विषय: **आ.व. २०७७/०७८ को रकम भुक्तानी सम्बन्धमा ।**

*श्री सरोकारवाला सवै निकांय, संस्था तथा व्यक्तिहरु ।*

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को १,२ र ७ बमोजिम बिनियोजन ऐनले फ्रिज नहुने भनि तोकिएको शिर्षकको रकम बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिइ निकासा र खर्चको लेखा अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्ने भनी ऐनमा व्यवस्था रहेको छ ।यसर्थ यस गाउँपालिकाको कार्यालय अन्तर्गतको सम्पूर्ण शाखाहरु, वडा कार्यालयहरु, उपभोक्ता समितिहरु, व्यक्ति, फर्म, सप्लायर्स तथा निर्माण व्यवसायीहरु समेतले आ.व. २०७७/०७८ मा भुक्तानीका लागि पेश गर्नुपर्ने विल, भर्पाइ तथा कार्यसम्पन्नताका कागजातहरु यस कार्यालयमा २०७८ साल आषाढ २४ गते कार्यालय समय भित्र पेश गरी भुक्तानी लिइ सक्नुपर्नेछ । सो समय भन्दा पछि भुक्तानीका लागि पेश हुने कागजात उपर कुनै कामकारबाही नहूने र सो उपर कार्यालय जवाफ देहि नहुने तथा सोको जिम्मेवारी स्वयं सम्वन्धीत सरोकारवाला नै हुनुपर्ने छ । आ.व. २०७७/०७८ मा भुक्तानी गर्नुपर्ने कुनै पनि खर्च रकम अर्को आगामी आ.व. मा भुक्तानी नहुने समेतको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

अवगतार्थ:-

१. श्रीमान गाउँपालिका अध्यक्ष ज्यू, मिक्वाखोला गाउँपालिकाको कार्यालय
२. श्रीमान गाउँपालिका उपाध्यक्ष ज्यू, मिक्वाखोला गाउँपालिकाको कार्यालय

बोधार्थ:-

१. सवै वडा कार्यालयहरु- यसै बमोजिमको कार्य सम्पन्नका लागि आवश्यक समन्वय र सहजिकरण गरिदिनुहुन ।
२.सूचना प्रविधि अधिकृत- कार्यालयको वेव-साईटमा Upload गर्नुहुन ।

(प्रशान्त भट्टराई)
लेखापाल

योगेन्द्र राज गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

(योगेन्द्र राज गुरुङ)
प्रमुख प्रशासकीय अधिकृत